नेपाल सरकार
# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

फोन नं. ४२११९९१, ४२११८१५
४२११६९६, ४२११९६३
फ्याक्स: ९७७-१-४२११८७७
इमेल: info@moless.gov.np
वेबसाइट: www.moless.gov.np

पत्र संख्या:-
चलानी :-

सिंहदरबार, काठमाडौं
नेपाल

## प्रेस विज्ञप्ति

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७८ फागुन २६ गतेको निर्णयानुसार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री माननीय कृष्णकुमार श्रेष्ठज्यूको नेतृत्वमा मन्त्रालयका सचिव श्री एकनारायण अर्यालज्यूसहितको प्रतिनिधिमण्डलले मित्रराष्ट्रहरु संयुक्त अरब इमिरेटस, सेशेल्स र कतारको भ्रमण गरी उच्चस्तरीय बैठकहरुमा नेपाल र सम्बन्धित मुलुकबीचको द्विपक्षीय श्रम सम्बन्धलाई थप मजबुद र व्यवस्थित बनाउने सन्दर्भमा छलफल गरिएको छ ।

मित्रराष्ट्र संयुक्त अरब इमिरेटसका माननीय मानव संशाधन तथा इमिरिटाइजेशन मन्त्री डा. अब्दुलरहमान अब्दुल्मन्नान अल अवारसँग मिति २०७८ चैत्र १ गते भेटघाट गरी नेपाल र संयुक्त अरब इमिरेटस सरकारबीच सन् २०१९ मा भएको श्रम समझदारीपत्रमा उल्लेख गरिएका विषयहरुको कार्यान्वयन गर्न दुवै देशको तर्फबाट थप सकृयताका साथ सम्बन्धित देशका कानूनी प्रावधानहरु अनुरुप हुने गरी संयुक्त अरब इमिरेटसमा दक्षता आवश्यक पर्ने क्षेत्रमा नेपाली नागरिकहरुलाई प्राथमिकता दिई उच्च पारिश्रमिकता प्राप्त हुने गरी रोजगारी दिने विषयमा छलफल भयो । उक्त अवसरमा नेपाल र संयुक्त अरब इमिरेटसबीच भएको श्रम समझदारीपत्र अनुसार संयुक्त कार्यसमितिको बैठक बसी नेपालबाट गैरकानूनी विधि र बाटोको प्रयोग गरी संयुक्त अरब इमिरेटसमा रोजगारीको लागि नेपालीहरु पुग्ने गरेको सन्दर्भमा नेपाल र संयुक्त अरब इमिरेटस सरकारका सम्बन्धित निकायहरुले श्रम समझदारीपत्रमा उल्लेख भएको विधिबाट मात्र नेपालीहरुलाई संयुक्त अरब इमिरेटसमा रोजगारी दिने विषयमा छलफल भयो । साथै नेपाल सरकारले गरेको अनुरोध बमोजिम संयुक्त अरब इमिरेटस सरकारको तर्फबाट हाललाई बढीमा पाँचवटा पेशागत क्षेत्रहरु छानी निःशुल्क (Employer Pay Policy) रुपमा नेपाली नागरिकलाई संयुक्त अरब इमिरेटसमा रोजगारी दिन एक परीक्षण परियोजना सञ्चालन गर्ने विषयमा छलफल भइ कार्यान्वयन गर्ने सहमति भयो । संयुक्त कार्यसमितिको बैठकमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व सहसचिव श्री राजिव पोखरेलले र संयुक्त अरब इमिरेटसको तर्फबाट त्यहाँका समकक्षी श्री शैफ अहमद अल सुवाइदीले गर्नु भएको थियो ।

त्यसै गरी माननीय मन्त्रीज्यूको नेतृत्वको टोलीले संयुक्त अरब इमिरेटसको भ्रमणपश्चात् मिति २०७८ चैत्र ३ गते अफ्रिकी मुलुक सेशेल्स पुगी त्यहाँका रोजगार तथा सामाजिक मामिला मन्त्री माननीय प्याट्रिसिया फ्रयाङ्कोर्ट र आन्तरिक मामिला मन्त्री माननीय एरोल फोंसेकासँग भेटघाट गरी त्यहाँ कार्यरत नेपाली नागरिकका सेवा सुरक्षा लगायतका विषयमा गहन छलफल गर्यो । उक्त अवसरमा त्यहाँ कार्यरत लगभग १२०० नेपाली नागरिकहरुले सेशेल्सको प्रहरी, सुरक्षा क्षेत्र र अन्य क्षेत्रमा पुर्याएको सकारात्मक योगदानका कारण सेशेल्समा नेपालीका लागि थप

नेपाल सरकार
# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

फोन नं. ४२११९९१, ४२११८१५
४२११६९६, ४२११९६३
फ्याक्स: ९७७-१-४२११८७७
इमेल: info@moless.gov.np
वेबसाइट: www.moless.gov.np

पत्र संख्या:-
चलानी :-

सिंहदरबार, काठमाडौं
नेपाल

रोजगारीका अवसरहरु हुने गरी द्विपक्षीय श्रम सम्झौता गर्ने सहमति भएको छ । सो अनुसार दुवै देशका प्रतिनिधिहरु सम्मिलित एक कार्यदल गठन भइ कार्यारम्भ भएको छ ।

मित्रराष्ट्र सेशेल्सको भ्रमणपश्चात् माननीय मन्त्रीज्यूको नेतृत्वको प्रतिनिधिमण्डल मिति २०७८ चैत्र ६ गते कतार पुगी त्यहाँका प्रशासनिक विकास, श्रम तथा सामाजिक मामिला मन्त्री माननीय युसुफ मोहमद अल अथमान फाखुसँग भेटघाट गरी नेपाल कतार श्रम सम्बन्धका विविध पक्षहरुबारे छलफल भयो । सो अवसरमा कतारका माननीय श्रम मन्त्रीज्यूले नेपाल सरकारद्वारा प्रस्ताव गरिएको नेपाल-कतार श्रम सम्झौता अद्यावधिक गर्ने सन्दर्भमा कतार सरकार सकारात्मक रहेकोले अविलम्ब सो प्रकृया टुङ्गोमा पुर्याउने प्रतिवद्धता व्यक्त गर्नुभयो । कतार भ्रमणको अवसरमा माननीय मन्त्रीज्यूको भ्रमण टोलीले विश्वकप फुटबलको आयोजनास्थलमा पुगी त्यहाँ नेपाली श्रमिकहरुले पुर्याएको योगदानबारे विवरण लिई भविश्यमा त्यहाँ नेपाली नागरिकलाई प्राप्त हुन सक्ने रोजगारीका अवसरबारे त्यहाँका सम्बद्ध अधिकारीहरुसँग छलफल गर्यो ।

उल्लिखित तीनवटै देशका समकक्षी सचिवज्यूहरुसँग यस मन्त्रालयका सचिव श्रीमान् एकनारायण अर्यालज्यूले समेत छुट्टाछुट्टै भेटवार्ता गरी नेपाली नागरिकहरु सम्बन्धित मुलुकमा रहँदा पाउने सेवा सुविधा लगायतका विषयमा छलफल गर्नुभयो । माननीय मन्त्रीज्यूको भ्रमणदलले सम्बन्धित मुलुकमा रहेका गैरआवासीय नेपाली संघ लगायतका नेपाली समुदायहरुसँग अन्तर्कृया गरी वैदेशिक रोजगार व्यवस्थापनको क्षेत्रलाई थप सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन उहाँहरुको रायसुझाव लिँदै वैदेशिक रोजगारसँग सम्बन्धित नीति तथा कानूनमा निरन्तर रुपमा सुधार गर्दै जाने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

उक्तानुसारका भ्रमणहरु सफलतापूर्वक सम्पन्न गरी माननीय मन्त्रीज्यूको नेतृत्वको प्रतिनिधिमण्डल मिति २०७८ चैत्र ९ गते स्वदेश फिर्ता भएको छ ।

डा थानेश्वर भुसाल
उपसचिव / सहायक प्रवक्ता

मिति: २०७८ चैत्र १० गते